सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक २६५ ♦ २०८३ साल जेष्ठ २६ मंगलवार ♦ 9 Jun 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## ‘डिप बोरिङ’ र ‘स्यालो ट्युबेल’ जडान कार्यक्रम घोषणमै सीमित

**विजयकुमार साह**

**जेष्ठ २५ गते, ढल्केवर**

अन्न भण्डारका रूपमा परिचित मधेश प्रदेशमा गत वर्ष लामो खडेरीका कारण जलसङ्कट उत्पन्न भएको थियो । सोही कारण सङ्घीय तथा प्रदेश सरकारले खानेपानी र सिँचाइ समस्याको समाधानका लागि महत्वाकांक्षी योजना सार्वजनिक गरेका थिए तर किसानलाई राहत दिने उद्देश्यले घोषणा गरिएका ‘डिप बोरिङ’ र ‘स्यालो ट्युबेल’ जडान कार्यक्रम घोषणमै सीमित भएका छन् ।



गत वर्ष वर्षा नहुँदा मधेश प्रदेशका अधिकांश जिल्लामा खानेपानी तथा सिँचाइको चरम अभाव भएको थियो । अवस्था गम्भीर बन्दै गएपछि मधेश प्रदेश सरकारले २०८१ साल असार २६ गते प्रदेशलाई सुक्खाग्रस्त क्षेत्र घोषणा गरेको थियो । त्यसपछि विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेश सरकारको सिफारिसमा सङ्घीय सरकारले साउन ७ गते बसेको मन्त्रीपरिषद् बैठकबाट मधेश प्रदेशका आठ वटै जिल्लालाई तीन महिनाका लागि सङ्कटग्रस्त क्षेत्र घोषणा गरेको थियो ।

सङ्कट घोषणापछि तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले खडेरीको चपेटामा परेको मधेश प्रदेशमा तत्काल पाँच सय डिप बोरिङ गाड्ने घोषणा गर्नुभएको थियो । मधेश प्रदेश सरकारले पनि प्रदेशभर एक हजार चार वटा स्यालो ट्युबेल जडान गर्ने योजना अघि सारेको थियो तर घोषणा भएको एक वर्ष बित्न लाग्दा दुवै योजना घोषणामै सीमित भएका छन् ।

सङ्घीय सरकारले धनुषाको नकटाझिजस्थित कृषि यान्त्रिकीकरण प्रवर्धन केन्द्रमार्फत डिप बोरिङ जडान गर्ने भनिएको थियो तर केन्द्रका सूचना अधिकारी तथा इन्जिनियर मनोजकुमार चौधरीले त्यस्तो कुनै कार्यक्रम कार्यालयमा नआएको बताउनुभयो ।

उहाँले भन्नुभयो, “पाँच सय डिप बोरिङ जडान गर्ने कुरा सार्वजनिक भएको थियो तर त्यससम्बन्धी कुनै आधिकारिक पत्राचार वा बजेट कार्यालयमा आएको छैन । नियमित कार्यक्रमबाहेक थप कुनै शीर्षकमा बजेट प्राप्त नभएको सूचना अधिकारी चौधरीले जानकारी दिनुभयो ।

यसै गरी प्रदेश सरकारले ल्याएको स्यालो ट्युबेल वितरण कार्यक्रम पनि बजेट अभावका कारण कार्यान्वयन हुन सकेन । भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले १८ करोड रुपियाँ लागतको ‘सुक्खा क्षेत्र सहयोग कार्यक्रम’ अन्तर्गत

*बाँकी पृष्ठ ३ मा*

## महोत्तरीमा तीन दिनदेखि हराएका बालक पोखरीमा मृत फेला

**खबर दर्पण समाचारदाता**

**जेष्ठ २४ गते, बर्दिवास**

तीन दिनदेखि हराइरहेका महोत्तरीको सम्सी गाउँपालिका-५, पोखरभिण्डा घर भएका तीन वर्षीय बालक मनिकेश कुमार यादव मृत अवस्थामा फेला पर्नुभएको छ ।

सम्सी गाउँपालिका-५, पोखरभिण्डा निवासी रोहित यादवका छोरा मनिकेश जेठ २२ गते शुक्रबार साँझ आफ्नै घर छेउमा खेल्ने क्रममा हराउनुभएको थियो ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता समेत रहनुभएका प्रहरी नायब उपरीक्षक पञ्चलाल गोलेका अनुसार हराएकै दिनदेखि आफन्त तथा प्रहरीले खोजतलास गरे पनि बालक फेला पार्न सकिएको थिएन । बालक मनिकेशको शव सम्सी गाउँपालिका-५ स्थित ब्रह्मस्थान नजिकैको राजकिशोर तेलीको पोखरीमा पानीमा तैरिरहेको अवस्थामा फेला परेको प्रहरी नायब उपरीक्षक गोलेले बताउनुभयो ।

जेठ २४ गते साँझ बोरामा बाँधिएको अवस्थामा बालकको खुट्टा देखिएको सूचनाका आधारमा प्रहरी टोली घटनास्थल पुगेपछि शव फेला परेको उहाँले जानकारी दिनुभयो ।

बालकको शव बोरामा बाँधिएको अवस्थामा फेला परेकाले हत्या गरेर पोखरीमा फालिएको हुन सक्ने प्रारम्भिक अनुसन्धानबाट देखिएको प्रहरीको भनाइ छ ।


घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।




शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
✓ बिल, भाउचर



✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प



✓ फलेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बरः ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# जीर्ण फुसको घरमा कष्टकर जीवन बिताउँदै मण्डल परिवार



**खबर दर्पण समाचारदाता**

**जेष्ठ २२ गते, ढल्केवर**

धनुषाको सबैला नगरपालिका-५, मखनाहा टोलका ४८ वर्षीय प्रगास मण्डलको परिवार गरिबीका कारण कष्टकर जीवन बिताउन बाध्य छ। एक धुर जग्गामा बनेको जीर्ण फुसको घरमा बसोबास गर्दै आएको यो परिवार सुरक्षित आवास र दैनिक गुजाराको समस्यासँग जुधिरहेको छ।

खर र बाँसले बनेको घरको छानो विभिन्न ठाउँबाट भत्किएको छ भने वर्षाको पानी रोक्न प्लास्टिकको त्रिपालले छोपिएको छ। घरका भित्ताहरू चर्किएका छन् र कतिपय भाग भासिँदै गएका छन्। वर्षाको समयमा घरभित्र बस्दा पनि भिज्नुपर्ने अवस्था रहेको मण्डलले बताउनुभयो।

दैनिक मजदुरी गरेर जीविकोपार्जन गर्दै आएका मण्डल बिहान सबेरै कामको खोजीमा निस्कनुहुन्छ र साँझ अबेर मात्र घर फर्कनुहुन्छ। दिनभरको कमाइले परिवारको छाक टार्नसमेत कठिन हुने गरेको उहाँले बताउनुभयो।

मण्डलले भन्नुभयो, "दिनभरि पसिना बगाएर मजदुरी गर्छु, तर कमाइले घर खर्च पनि पुग्दैन। श्रीमती बिरामी भएर थला पर्नुभएको छ। औषधी किन्नसमेत पैसा छैन।"

उहाँकी श्रीमती लामो समयदेखि बिरामी रहेको र आर्थिक अभावका कारण नियमित उपचार गराउन नसकेको उहाँले बताउनुभयो। उहाँले दुई छोरी र एक छोरा रहेको बताउँदै आर्थिक अभावकै कारण तीन वर्षअघि बिरामी अवस्थामा रहेको जन्मजात एक छोरा गुमाउनुपरेको दुःख सुनाउनुभयो।

उहाँले भन्नुभयो, "छोरा बिरामी पर्दा धेरै ठाउँमा सहयोग माग्यौं, तर समयमा पैसा जुटेन। उपचार गराउन नसक्दा आफ्नै आँखाअगाडि छोरा गुमाउनुपऱ्यो।"

स्थानीय युवा अमरुल राइनले मण्डलको परिवार वर्षौंदेखि कष्टकर जीवन बिताउँदै आएको बताउनुभयो। जीर्ण घर, बिरामी श्रीमती र आर्थिक अभावमा रहेको यो परिवारलाई सहयोगको आवश्यकता रहेको उहाँले जानकारी दिनुभयो।

उहाँले स्थानीय सरकार तथा सरोकारवाला निकायले सुरक्षित आवास, स्वास्थ्य उपचार र जीविकोपार्जनका लागि सहयोग गर्नुपर्ने बताउँदै राज्यले विपन्न परिवारका लागि विभिन्न कार्यक्रम सञ्चालन गरे पनि मण्डलजस्ता परिवारसम्म ती सेवा पुग्न नसकेको बताउनुभयो।

# महोत्तरीको सीमावर्ती क्षेत्रमा पाठेघर समस्या र कुपोषण

**खबर दर्पण समाचारदाता**

**जेष्ठ २४ गते, बर्दिवास**



ग्रामीण क्षेत्रको स्वास्थ्य अवस्था अपेक्षाभन्दा बढी समस्याग्रस्त रहेको पाइएको छ। सशस्त्र प्रहरी परिवार महिला संघको २५औं वार्षिकोत्सवको अवसर मा 'सीमावासीसँग सशस्त्र प्रहरी कार्यक्रम' अन्तर्गत सीमावर्ती सम्सी गाउँपालिका-७ मा पहिलो पटक आयोजित निःशुल्क शिविरमा महिलादेखि बालबालिका तथा वृद्धवृद्धासम्म विभिन्न स्वास्थ्य समस्याबाट पीडित रहेको तथ्य सार्वजनिक भएको हो।

नेपाल एपीएफ अस्पताल बलम्बुका हाडजोर्नी विशेषज्ञ तथा चिकित्सक टोलीका संयोजक डा. शैलेन्द्र दुवाल श्रेष्ठका अनुसार शिविरमा स्वास्थ्य परीक्षण गरिएका ४५० महिलामध्ये अधिकांशमा पाठेघर सम्बन्धी समस्या देखिएको थियो। तल्लो पेट दुख्ने, अनियमित महिनावारी, रक्तअल्पता, प्रजनन स्वास्थ्यसम्बन्धी समस्या तथा सरसफाइको कमी प्रमुख समस्या रहेको उहाँले जानकारी दिनुभयो।

महिला स्वास्थ्य अवस्था चिन्ताजनक देखिएपछि शिविर मा सेवा दिइरहनुभएकी स्त्रीरोग विशेषज्ञ सशस्त्र प्रहरी निरीक्षक डा। आकर्षा श्रेष्ठसहितको टोलीले महिलाहरूलाई छुट्टै कक्षमा भेला गरी स्वास्थ्य तथा सर सफाइसम्बन्धी परामर्श र सचेतना प्रदान गरेको थियो।

बालबालिकाको स्वास्थ्य अवस्था पनि उत्तिकै गम्भीर पाइएको छ। परीक्षण गरिएका अधिकांश बालबालिकामा कुपोषण, छालाजन्य संक्रमण तथा रोग प्रतिरोधात्मक क्षमताको कमी देखिएको थियो। त्यस्तै हाडजोर्नी समस्या, बाथरोग, लुतो लगायत छालाका संक्रमण तथा बोन टीबीसम्मका समस्या ग्रामीण क्षेत्रमा व्यापक रहेको जनाइएको छ।

चिकित्सक टोलीका अनुसार स्वास्थ्य चेतनाको अभाव, रोग लुकाउने प्रवृत्ति, अशिक्षा, खुला सीमा, सुविधा सम्पन्न स्वास्थ्य संस्थाको कमी तथा आर्थिक-सामाजिक कारणले सीमावर्ती क्षेत्रको स्वास्थ्य अवस्था जटिल बन्दै गएको छ।

डा. श्रेष्ठले सीमा क्षेत्रमा स्वास्थ्य परीक्षणको अनुभव आफ्ना लागि पनि नयाँ रहेको बताउँदै नियमित सरसफाइ र समयमै स्वास्थ्य परीक्षण गर्ने बानी बसाल्न सके ग्रामीण स्वास्थ्यमा उल्लेखनीय सुधार ल्याउन सकिने धारणा व्यक्त गर्नुभयो।

सशस्त्र प्रहरी बल नेपाल नम्बर २ छिन्नमस्ता बाहिनी मुख्यालयको आयोजनामा हिजो साँझसम्म सञ्चालन भएको शिविरमा ४५० महिला, ३२५ पुरुष र ८४ बालबालिकासहित कुल ८५९ जनाले स्वास्थ्य सेवा प्राप्त गरेका थिए।

शिविरका संयोजक तथा सशस्त्र प्रहरी बल नेपाल नम्बर ९ गण जलसागरका सशस्त्र प्रहरी उपरीक्षक शेरबहादुर अधिकारीका अनुसार नेपाल एपीएफ अस्पताल बलम्बुका प्राध्यापक सशस्त्र प्रहरी उपरीक्षक डा. शैलेन्द्र दुवाल श्रेष्ठको नेतृत्वमा ११ सदस्यीय तथा जानकी मेडिकल कलेज जनकपुरका उपप्राध्यापक डा. अमितरञ्जन मिश्रको नेतृत्वमा १८ सदस्यीय टोलीसहित २९ जना चिकित्सकले सेवा प्रदान गर्नुभएको थियो।

शिविरमा स्त्रीरोग, बालरोग, हाडजोर्नी, चर्मरोग, नाक-कान-घाँटी, दन्त तथा जनरल मेडिसिन सेवा उपलब्ध गराउनुका साथै निःशुल्क औषधि वितरण पनि गरिएको थियो।

सम्सी गाउँपालिकाका अध्यक्ष रामनाथ यादवले यस्ता स्वास्थ्य शिविर ग्रामीण जनताका लागि वरदानसरह भएको प्रतिक्रिया दिनुभयो। उहाँले गरिबी, पछौटेपन र अवसरबाट वञ्चित समुदायसम्म विशेषज्ञ स्वास्थ्य सेवा पुऱ्याउने यस्ता कार्यक्रम कम्तीमा वर्षमा एक पटक आयोजना गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो। उहाँले भन्नुभयो, "यस्ता कार्यक्रमले सीमावर्ती क्षेत्रका नागरिकमा सकारात्मक मनोवैज्ञानिक प्रभाव पार्नुका साथै सशस्त्र प्रहरीप्रति भावनात्मक निकटता बढाउने आधार पनि बनेको छ।"

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# महोत्तरीमा युवक मृत्यु प्रकरण : परिवारको निष्पक्ष छानबिनको माग




**खबर दर्पण समाचारदाता**

**जेठ २५ गते , बर्दिवास**

महोत्तरीको पिपरा गाउँपालिकामा एक युवक झुण्डिएको अवस्थामा मृत फेला परेको घटनालाई लिएर उहाँका परिवारजनले मृत्यु शंकास्पद रहेको दाबी गर्दै निष्पक्ष छानबिनको माग गरेका छन्।

पिपरा गाउँपालिका-५ निवासी २८ वर्षीय कपिल दास वैशाख ९ गते साँझ गाउँनजिकै रहेको आँप बगैंचामा झुण्डिएको अवस्थामा मृत फेला परेका थिए। घटनापछि उहाँका बुवा कुलदीप दास तत्माले जिल्ला प्रहरी कार्यालय महोत्तरीमा जाहेरी दर्ता गराउँदै छोराको मृत्युको वास्तविकता सार्वजनिक गर्न आग्रह गर्नुभएको छ।

परिवारका अनुसार कपिल दास वैशाख ९ गते बिहान करिब ११ बजे मोबाइलमा फोन आएपछि घरबाट निस्कनुभएको थियो। घर बाट निस्कँदा उहाँले 'लक्ष्मी चोकतर्फ जाँदैछु' भनी परिवार लाई जानकारी गराउनुभएको बताइएको छ।

तर, सोही दिन साँझ करिब ५:३० बजे स्थानीय चन्देश्वर यादवको आँप बगैंचामा कपडाको डोरीको पासो लगाई झुण्डिएको अवस्थामा उहाँको शव फेला परेको थियो। खेततर्फ जाने क्रममा एक स्थानीय व्यक्तिले शव देखेपछि गाउँमा खबर गरेका थिए। त्यसपछि परिवारका सदस्य तथा स्थानीयवासी घटनास्थल पुगेका थिए।

सूचना प्राप्त हुनासाथ अस्थायी प्रहरी चौकी पिपराबाट प्रहरी टोली घटनास्थल पुगेको थियो। साथै, जिल्ला प्रहरी कार्यालय महोत्तरीको टोलीले घटनास्थल पुगेर मुचुल्का उठाउँदै प्रारम्भिक अनुसन्धान सुरु गरेको थियो।

मृतकका बुवा कुलदीप दास तत्माले घटनामा विभिन्न आशंका रहेको उल्लेख गर्दै सत्यतथ्य बाहिर ल्याउन निष्पक्ष छानबिन आवश्यक रहेको बताउनुभयो। उहाँले घटनाको वास्तविकता सार्वजनिक गर्न सम्बन्धित निकायसँग माग गर्नुभएको छ।

यता, प्रहरीले घटनाबारे अनुसन्धान जारी रहेको जनाएको छ। पोस्टमार्टम प्रतिवेदन तथा संकलित प्रमाणका आधारमा मृत्युको वास्तविक कारण खुल्ने प्रहरीको भनाइ छ। घटनाको सत्यतथ्य बाहिर ल्याउन परिवारजन तथा स्थानीयवासीले समेत निष्पक्ष अनुसन्धानको माग गरेका छन्।

# दिनभरि चर्को गर्मी राति दिनहुँ वर्षा

**खबर दर्पण समाचारदाता**

**जेठ २५ गते , बर्दिवास**



दिनभरि जेठ तेस्रो साताको झैं उखरमाउलो गर्मी भए पनि पछिल्ला चार दिनयता महोत्तरी सहितका आसपासका जिल्लामा प्रत्येक रात पानी पर्दै आएको छ ।

गत शुक्रबार जेठ चौथो साता सुरु भएसँगै प्रत्येक रात पानी पर्ने गरेको छ। योक्रम सोमबार पनि जारी रह्यो। यसपालि जेठ तेस्रो साता सुरु भएसँगै धेरै गर्मी बढेपछि जनजीवन निकै कष्टकर बन्दै आयो । तर चौथो साता सुरु भएसँगै प्रत्येक रात केहीबेर सघन वर्षा भएपछि दिनभरिको चर्को गर्मीले सर्वसाधारण बताउँछन् ।

"गर्मी त खपीनसक्नु बढेको छ, तर गत शुक्रबारयता प्रत्येक रात वर्षा हुँदै आएको छ, यसले निकै राहत मिलेको छ", गौशाला-१ रामनगरका ६५ वर्षीय गणेश महतो भन्नुहुन्छ, "निरन्तरको वर्षाले बालीनालीलाई निकै राहत मिलेको छ ।"

शुक्रबारयता रातिको वर्षाले खेतबारीमा प्रशस्त चिस्यान भएपछि यहाँका किसान धमाधम धानको ब्याड राख्न थालेका छन् । "वर्षा दिनहुं भए पनि हिले ब्याड भने राख्न पाइएको छैन, तर माटोमा प्रशस्त चिस्यान भएको हुँदा धुले ब्याड राख्यौं", बर्दिबास-६ कृष्णपुरका ६० वर्षीय किसान रघु काफ्ले भन्नुहुन्छ, "दिनभरि अचाक्ली गर्मी भए पनि प्रत्येक रातको वर्षाले खेतीपातीलाई सजिलो बनाएको हुँदा राहत मिलेको छ । किसानले यही वर्षाबीच धानसँगै कोदोको ब्याड पनि धमाधम राख्दैछन् ।"

यसैगरी उखु, मकै र तरकारीबालीलाई पछिल्लो वर्षा अमृत भएको किसान बताउँछन् । पानी नपरी हिउँद बित्दा पानीका स्रोतका मुहान चाँडै सुक्दा बालीनाली लगाउन नपाइने चिन्तामा थिए। त्यसमा पनि जारी जेठको तेस्रो साता सुरु भएसँगै दिनभरि ३८-३९ डिग्री सेल्सियसको सेरोफेरोमा तापक्रम रहने गरेको छ ।

जेठ तेस्रो साताको अन्त्यतिर त गर्मीले गर्दा जिल्लाका स्थानीयतहले धमाधम विद्यालय बन्दको घोषणा गर्ने लहर नै चल्यो। तर चौथो साता लागेपछि प्रत्येक रात पर्ने पानीले मौसममा केही सुधार ल्याएसँगै बन्द गरि एका विद्यालय सोमबारदेखि सञ्चालन हुन थालेका बर्दिवास नगर कार्यपालिकाको कार्यालयका शिक्षा तथा खेलकुद शाखाका अधिकृत रमण निरौलाले जानकारी दिनुभयो ।

पछिल्लो पटक दिनहुँजसो राति केहीबेर पानी पर्दै आएपछि यहाँका सर्वसाधारणमा पानीका स्रोतका मुहान अब चाँडै रसाउने आश पलाएको छ। "दिनहुँजसो पानी पर्दैछ, अब इनार, चापाकल र नदी, खोल्साखोल्सी र नदीका मुहानमा पानी र साउने आस बढेको छ", भङ्गाहा-४ रामनगरका किसान कुशेश्वर यादव भन्नुहुन्छ, "मुहान चाँडै रसाइदिए खानेपानीको समस्या नपर्ने र खेतीपातीलाई आवश्यक सिँचाइ गर्न पाइने विश्वास बढेको छ ।"

# सिरहामा एसईई केन्द्रबाट जफत मोबाइल नष्ट गरेपछि विद्यार्थी आन्दोलित

**खबर दर्पण समाचारदाता**

**जेठ २५ गते , बर्दिवास**

माध्यमिक शिक्षा परीक्षा (एसईई) अवधिमा विभिन्न परीक्षा केन्द्रबाट जफत गरिएका मोबाइल फोन नष्ट गरिएको घटनाको विरोध गर्दै विद्यार्थीहरूले क्षतिपूर्ति माग गरेका छन् ।

मोबाइल नष्ट गर्ने निर्णयका कारण आफूहरू आर्थिक तथा मानसिक रूपमा प्रभावित भएको दाबी गर्दै विद्यार्थीहरू विरोध प्रदर्शनमा उत्रिएका हुन् ।

प्रदर्शनकारीहरूले परीक्षा केन्द्रमा नियमविपरीत ल्याइएका मोबाइल फोन नियन्त्रणमा लिन सकिने भए पनि सम्बन्धित व्यक्तिलाई फिर्ता नगरी नष्ट गर्नु अनुचित भएको बताएका छन् ।

विद्यार्थीहरूले आफ्नो व्यक्तिगत सम्पत्तिमाथि कानुनी प्रक्रिया र पर्याप्त जानकारीबिना हस्तक्षेप गरिएको आरोप लगाएका छन् । उनीहरूका अनुसार मोबाइल जफत गरिएपछि त्यसबारे स्पष्ट जानकारी नदिई नष्ट गरिनु अधिकारको उल्लंघन हो ।

विरोध कार्यक्रममा सहभागी विद्यार्थीहरूले मोबाइल नष्ट गर्ने निर्णयमा संलग्न अधिकारीहरूलाई जवाफदेही बनाउन, घटनाबारे निष्पक्ष छानबिन गर्न तथा प्रभावित विद्यार्थीलाई उचित राहत र क्षतिपूर्ति उपलब्ध गराउन माग गरेका छन् ।

प्रदर्शनकारीहरूले सम्बन्धित निकायले आफ्ना मागप्रति गम्भीर ध्यान नदिए थप आन्दोलनका कार्यक्रम घोषणा गर्ने चेतावनीसमेत दिएका छन् ।

उक्त घटनाप्रति शिक्षा क्षेत्र तथा अभिभावकहरूबीच पनि विभिन्न प्रतिक्रिया देखिन थालेको छ । मोबाइल नष्ट गर्ने निर्णयको वैधानिकता र प्रक्रियामाथि प्रश्न उठ्न थालेपछि सम्बन्धित निकायको धारणा प्रतीक्षाको विषय बनेको छ ।

# 'डिप बोरिङ' र 'स्यालो ट्युबेल' जडान........

किसानलाई स्यालो ट्युबेल उपलब्ध गराउने योजना ल्याएको थियो । मन्त्रालयले साउन १२ गते सूचना प्रकाशित गरी इच्छुक किसानसँग आवेदनसमेत माग गरेको थियो ।

ट्युबेल प्राप्त गर्न चाहने किसानले कम्तीमा दुई बिघा खेतीयोग्य जग्गा भएको प्रमाण, नागरिकताको प्रतिलिपि, स्थानीय तहको सिफारिस, जग्गाधनी पुर्जा, नक्सालगायतका कागजात पेस गर्नुपर्ने व्यवस्था गरिएको थियो । आवेदनका लागि १० रुपियाँको हुलाक टिकट टाँसिएको फारामसमेत अनिवार्य गरिएको थियो ।

सरकारले प्रारम्भिक रूपमा एक हजार चार वटा स्यालो ट्युबेल वितरण गर्ने लक्ष्य राखे पनि अपेक्षाभन्दा धेरै आवेदन परेपछि कार्यक्रम अगाडि बढाउन कठिन भएपछि योजना रद्द गरिएको मन्त्रालयका सूचना अधिकारी अजय ज्ञवालीले बताउनुभयो । उहाँका अनुसार एक हजार ट्युबेलका लागि २४ हजार ७७४ किसानले आवेदन दिएका थिए । सूचना अधिकारी ज्ञवालीले स्यालो ट्युबेलको माग अत्यधिक बढेपछि उपलब्ध बजेटले कार्यक्रम सञ्चालन गर्न नसकिने अवस्था भएपछि योजना रद्द गरिएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "सरकारले आवश्यकता र प्राथमिकताका आधारमा करिब १२ सयसम्म ट्युबेल वितरण गर्ने सम्भावना अध्ययन गरेको थियो तर आवेदनको सङ्ख्या अत्यधिक भएपछि बजेट अभावका कारण कार्यक्रम स्थगित गर्नु प-यो ।"

उहाँका अनुसार आवेदन दिएका किसानलाई मात्र ट्युबेल उपलब्ध गराउन एक अर्ब रुपियाँभन्दा बढी बजेट आवश्यक पर्ने देखिएको थियो । एउटा स्यालो ट्युबेल जडान गर्न एक लाखदेखि तीन लाख रुपियाँसम्म खर्च लाग्ने गरेको छ । पानीको सतहको गहिराइ तथा सौर्य ऊर्जा प्रणाली जडान गर्नुपर्ने अवस्थामा लागत अझै बढ्न सक्ने ज्ञवालीको भनाइ छ । गत वर्षको मनसुन भित्रिएको डेढ महिनाभन्दा बढी समय बित्दासमेत धेरै किसानले धान रोप्न सकेका थिएनन् । रोपिएका खेतसमेत पानी अभावका कारण चिरा परेका थिए । परम्परागत इनार तथा ट्युबेल सुकेपछि ग्रामीण क्षेत्रमा खानेपानीको समस्या बढेको थियो ।

नेपालको अन्न भण्डार मानिने तराई मधेश क्षेत्रमा वर्षा अभावले कृषि उत्पादनमा प्रत्यक्ष असर परेको थियो । जलस्रोतको अभावका कारण किसानले सिँचाइ गर्न नसक्दा हजारौं हेक्टर खेतीयोग्य जमिन बाँझै रहेको थियो । कृषि विकास निर्देशनालयको तथ्याङ्क अनुसार मधेशमा करिब ८६.३५ प्रतिशत धान रोपाइँ भएको थियो ।

धनुषा बटेश्वरका किसान हरि साहले सङ्घ र प्रदेश सरकारले किसानलाई ठग्ने काम गरेको बताउनुभयो । सरकारले ट्युबेल दिने सूचना निकालेपछि आवेदन दिएको बताउँदै उहाँले भन्नुभयो, "यस वर्ष पुनः खडेरीको अवस्था दोहोरिए मधेशका किसानले अझ ठुलो समस्या भोग्नु पर्छ ।"

तथ्याङ्क अनुसार मधेश प्रदेशमा कुल पाँच लाख ४२ हजार ५८० हेक्टर खेतीयोग्य जमिन छ, जसमध्ये तीन लाख ७२ हजार ६४५ हेक्टर जमिनमा धान रोपाइँ हुने जमिन छ । त्यसमध्ये गत साउन मसान्तसम्ममा तीन लाख १९ हजार ६२६ हेक्टर जमिनमा धान रोपाइँ भएको थियो ।

# संघबाट मधेशलाई ३० अर्बभन्दा बढी स्रोत हस्तान्तरण

खबर दर्पण समाचारदाता
**जेष्ठ २५ गते, बर्दिवास**

आगामी आर्थिक वर्ष २०८३/८४ मा मधेश प्रदेशले संघीय सरकारबाट अनुदान तथा राजस्व बाँडफाँटमार्फत ३० अर्ब ४१ करोड ८५ लाख रुपैयाँ प्राप्त गर्ने भएको छ ।

संघीय सरकारले सार्वजनिक गरेको बजेट तथा वित्तीय हस्तान्तरण विवरणअनुसार मधेश प्रदेशका लागि समानीकरण अनुदान, सशर्त अनुदान, विशेष तथा समपूरक अनुदानसँगै राजस्व बाँडफाँटको रकम विनियोजन गरिएको हो ।

अर्थ मन्त्रालयका अनुसार मधेश प्रदेशले समानीकरण अनुदान शीर्षकमा ७ अर्ब ८४ करोड ८५ लाख रुपैयाँ प्राप्त गर्नेछ । यस्तै, राजस्व बाँडफाँटबाट प्रदेशको हिस्सामा १२ अर्ब ८३ करोड रुपैयाँ पर्नेछ, जुन कुल प्राप्त रकममध्ये सबैभन्दा ठूलो हिस्सा हो ।

त्यसैगरी, संघीय सरकारले सशर्त अनुदानतर्फ ८ अर्ब १० करोड रुपैयाँ विनियोजन गरेको छ । विशेष अनुदान अन्तर्गत ७० करोड रुपैयाँ तथा समपूरक अनुदान अन्तर्गत ९४ करोड रुपैयाँ उपलब्ध गराइने भएको छ ।

यी सबै शीर्षकको रकम जोड्दा मधेश प्रदेशले आगामी आर्थिक वर्षमा संघीय सरकारबाट कुल ३० अर्ब ४१ करोड ८५ लाख रुपैयाँ प्राप्त गर्नेछ ।

प्रदेशमा प्राप्त हुने उक्त स्रोत पूर्वाधार निर्माण, शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी तथा अन्य सार्वजनिक सेवा प्रवाहका कार्यक्रम सञ्चालनमा खर्च हुने विश्वास गरिएको छ ।

संघीय सरकारबाट प्राप्त हुने अनुदान तथा राजस्व बाँडफाँट प्रदेशको वार्षिक बजेट तथा विकास कार्यक्रम कार्यान्वयनको प्रमुख आधार मानिन्छ ।

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको नाम परिवर्तनको सूचना**

दोस्रो पटक प्रकाशित मिति : २०८२/०२/२६

यस कम्पनीको सम्पन्न विशेष साधरण सभाको निर्णय बमोजीम तथा कम्पनी रजिष्ट्रारको कार्यालयबाट समेत स्वीकृती प्राप्त भई साविक कम्पनी रिना पोलिक्लिनिक प्रा.लि.(प्रा.लि.न. १२७७१९) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण, धन, कर दायित्व आदि परिवर्तित नामको रिना हेल्थ केयर प्रा.लि ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सुचनाद्धारा जानकारी गराइन्छ ।

# असारभित्र साक्षर पालिका घोषणा गर्ने लक्ष्यसहित औरही नगरपालिकाद्वारा अभिमुखीकरण कार्यक्रम सम्पन्न

धर्वेन्द्रकुमार यादव 'यदुवंशी'
**जेष्ठ २५ गते, बर्दिवास**



महोत्तरीको औरही नगरपालिकाले आगामी असार महिनाभित्र साक्षर पालिका घोषणा गर्ने लक्ष्यसहित साक्षरता अभियानलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न एकदिने अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ।

नगरपालिकाको दीर्घकालीन साक्षरता अभियान समितिका संयोजक तथा नगरप्रमुख प्रदीप कुमार खड्काको अध्यक्षतामा सम्पन्न कार्यक्रम श्री प्रसाद सिंह नमूना माध्यमिक विद्यालय, औरहीको सभाहलमा आयोजना गरिएको थियो। कार्यक्रममा सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापक, बालविकास सहजकर्ता, वडा तथा गाउँका अध्यक्ष, वडास्तरीय प्रतिनिधि, विभिन्न शाखाका प्रमुख तथा सामाजिक संघ-संस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

कार्यक्रममा साक्षर पालिका घोषणा सम्बन्धी मापदण्ड, वर्तमान साक्षरता अवस्था, तथ्याङ्क संकलन प्रक्रिया तथा समुदायमा रहेका निरक्षर नागरिकलाई साक्षर बनाउने अभियानबारे विस्तृत जानकारी प्रदान गरिएको थियो। नगर पालिकाले अभियानलाई स्थानीय तहसम्म प्रभावकारी रूपमा विस्तार गर्दै साक्षर पालिका घोषणा अभियान सफल बनाउन सबै निकायबीच समन्वय र सहकार्य सुदृढ गर्ने प्रतिबद्धता जनाएको छ।

शिक्षा शाखा प्रमुख धनबहादुर रायले १५ देखि ६० वर्ष उमेर समूहका करिब ५ हजार ५ जना नागरिक अझै निरक्षर रहेको जानकारी दिनुभयो। उहाँका अनुसार यो संख्या नगर पालिकाको कुल जनसंख्याको करिब ३०.२ प्रतिशत हो। अनौपचारिक शिक्षाले निर्धारण गरेका १२ वटा मापदण्डमध्ये कम्तीमा ६ वटा मापदण्ड पूरा गराउने लक्ष्यसहित अभियान सञ्चालन गरिएको र अभियानलाई प्रभावकारी बनाउन ५७ जना सहजकर्ता परिचालन गरिएको उहाँले बताउनुभयो। उहाँले असार २० गतेभित्र अभियान सम्पन्न गरी असारभित्रै औरही नगर पालिकालाई साक्षर पालिका घोषणा गर्ने लक्ष्य रहेको उल्लेख गर्नुभयो।

कार्यक्रममा बोल्दै श्री सोन्फी दशैं माध्यमिक विद्यालय, औरही-३ का प्राध्यापक ज्ञानेन्द्र यादवले नेपालमा लामो समयदेखि साक्षरता कार्यक्रम सञ्चालन भए पनि अपेक्षित उपलब्धि हासिल हुन नसकेको बताउनुभयो। उहाँले मधेश प्रदेश तथा महोत्तरी जिल्लाको साक्षरता अवस्थाबारे चर्चा गर्दै तथ्याङ्क संकलन तथा कार्यान्वयनका चुनौतीले अपेक्षित परिणाम प्राप्त हुन नसकेको धारणा राख्नुभयो। साक्षरता अभियानलाई केवल घोषणा प्रक्रियामा सीमित नराखी वास्तविक निरक्षरता उन्मूलनतर्फ केन्द्रित गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

जनता आधारभूत विद्यालय, फुलबरिया-२ की शिक्षिका इन्दिरा कुमारी महतोले बालविकास सहजकर्तालाई दिइएको जिम्मेवारी इमान्दारीपूर्वक निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्दै अभियान सफल बनाउन शिक्षकहरूबीच सहकार्य आवश्यक रहेको बताउनुभयो।

नगर उपप्रमुख रेणु कुमारी झाले सिकाइ प्रक्रियालाई सरल र व्यवहारिक बनाउँदै सामूहिक प्रयासबाट अभियान सफल बनाउन सकिने बताउनुभयो। उहाँले निर्धारित समयसीमाभित्र लक्ष्य हासिल गर्न सबै पक्षलाई सक्रिय रूपमा जुट्न आग्रह गर्नुभयो।

नगरप्रमुख प्रदीप कुमार खड्काले साक्षरता अभियानलाई सफल बनाउँदै तोकिएको समयभित्र औरही नगर पालिकालाई साक्षर पालिका घोषणा गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। अभियान सफल बनाउन शिक्षक, सहजकर्ता, स्थानीय निकाय र समुदायबीच प्रभावकारी समन्वय अपरिहार्य रहेको उहाँको भनाइ थियो।

स्थानीय पत्रकार धर्वेन्द्र कुमार यादव 'यदुवान्शी'ले साक्षरता अभियानलाई औपचारिक घोषणामा मात्र सीमित नराखी वास्तविक निरक्षरता उन्मूलनसँग जोड्नुपर्ने आवश्यकता औंल्याउनुभयो। तथ्याङ्क संकलनलाई यथार्थपरक बनाउन तथा समुदायस्तरमा निरन्तर अनुगमन र सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

कार्यक्रमका सहभागी वक्ताहरूले शिक्षा नागरिकको आधारभूत अधिकार भएकाले कुनै पनि नागरिक निरक्षर रहन नहुने धारणा व्यक्त गर्दै अभियान सफल बनाउन सबै पक्षको सक्रिय सहभागिता आवश्यक रहेको बताए। नगरपालिकाले वडास्तरदेखि नियमित अनुगमन, अभिलेखीकरण तथा समुदायसँगको समन्वयलाई प्राथमिकता दिने जनाएको छ। साथै, अभियानमा संलग्न सहजकर्ता तथा सरोकारवालालाई आवश्यक तालिम, स्रोतसाधन र प्रोत्साहन उपलब्ध गराइने जानकारी दिइएको छ। नगरपालिकाले तोकिएको समयसीमाभित्र साक्षर पालिका घोषणा गर्ने लक्ष्य पूरा गर्न सबै सरोकारवाला पक्षको साझा प्रयास अपरिहार्य रहेको स्पष्ट पारेको छ।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT. LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०७३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,